NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरको वक्तव्य

**चैत्र १०, २०६६**

**तत्काल प्रकाशनका लागि**

**सम्पर्क:**
**एटलान्टामा: डेबोरा ह्याक्स, १ ४०४-४२०-५१२४**
**काठमाडौंमा: स्यारा लेभिट-सोर, ९७७ १ ४४४-५०५५/१४४६**

काठमाडौं, चैत्र १० । पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको निधनप्रति हार्दिक समवेदना प्रेषित गर्नुभएको छ ।

"गिरिजा प्रसाद कोइरालाले आफ्नो जीवन नेपालमा प्रजातन्त्रको संघर्षका निम्ति समर्पित गर्नुभयो र उहाँले नेपालको शान्ति प्रक्रियामा वीरतापूर्ण भूमिका निर्वाह गर्नुभयो," पूर्व राष्ट्रपति कार्टर भन्नुहुन्छ । "उहाँ एक महान राजनीतिज्ञ हुनुहुन्थ्यो र उहाँ नेपालमा दीगो शान्ति र बहुदलीय प्रजातन्त्रप्रति आफ्नो प्रतिबद्धतामा अटल रहनुभयो ।"

"मेरा चिन्तन र प्रार्थना नेपाली जनता, कोइराला परिवार एवं नेपाली कांग्रेस पार्टीका साथ छ । म यस वियोगप्रति गम्भीर दुखी भएको छु", कार्टर भन्नुहुन्छ ।

म नेपालको राजनैतिक नेतृत्वलाई नेपालमा दीगो शान्ति तथा नयाँ, समावेशी, लोकतान्त्रिक संविधान निर्माण गर्नका लागि पूर्व प्रधानमन्त्री कोइरालाद्वारा निर्मित मार्गचित्रलाई पुनर्प्रयासका साथ अघि बढाउन प्रेरित गर्दछु । यो नै ती महान व्यक्तिका लागि उचित राष्ट्रिय सम्मान हुनेछ ," कार्टर थप भन्नुहुन्छ ।